# रामग्राम नगरपालिकाको दशौँ नगर सभामा प्रस्तुत
# आ ब २०७९।८० को नीति कार्यक्रम र वार्षिक बजेट

नगर सभामा प्रस्तुत मिति २०७९।०३।१०

रामग्राम नगरपालिकाको गरिमामय दशौँ नगर सभाका आदरणीय सभा अध्यक्ष एवं नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण सभा सदस्य ज्यूहरु, नगरसेवक कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरुमा हार्दिक स्वागत एवं नमस्कार व्यक्त गर्दछु । २०७९ बैशाखमा भएको स्थानीय तहको निर्वाचनमा नगरका सार्वभौम जनताबाट नगर सभाका सदस्यका रुपमा निर्वाचित हुनु हुने सम्पूर्णमा हार्दिक बधाई दिदै हामी सबैको सफल कार्यकालको शुभकामना टक्याउदछु र सम्पूर्ण मतदाताहरुलाई धन्यवाद दिन चाहन्छु ।

आज हामी "**नगरवासीको रहर : स्वच्छ, सफा र विकसित नगर**" भन्ने दिर्घकालीन लक्ष्य सहित आगामी आ. व. २०७९।८० को नीति कार्यक्रम र बजेट प्रस्तुत छलफल र अनुमोदन गर्न उपस्थित भएका छौ । रामग्राम नगर सरकारको तर्फबाट रामग्राम नगरपालिकाको उपप्रमुखको हैसियतले यो गरिमामय नगर सभा समक्ष आ. व. २०७९।८० को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

नेपालको संविधानअनुसार स्थापित स्थानीय तह र नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म लोकतान्त्रिक गणतन्त्र स्थापित गर्ने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु । त्यसैगरी विगत वर्षहरुमा कोभिड १९ तथा अन्य प्राकृतिक प्रकोपबाट ज्यान गुमाउनु भएका नगरवासीहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनहरुका क्रममा घाइते, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । लोकतन्त्रको पूर्ण स्थापना र सामाजिक न्याय प्राप्तीको आन्दोलनको अगुवाई गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । उहाँहरु सबैको योगदानको स्मरण गर्दछु ।

पहिलो स्थानीय व्यवस्थापिकाले ९ वटा नगर सभा सम्पन्न गरेको हामीलाई विदितै छ । तपाइ हामी रामग्राम नगरपालिकाको दोश्रो स्थानीय व्यवस्थापिकाका पदाधिकारीका रुपमा निर्वाचित भई आएपछिको यो पहिलो नगर सभा सञ्चालन भइरहेको छ । यस गरीमामय सभामा म रामग्राम नगरपालिकाको स्थानीय सरकार लोकतान्त्रिक, आधारभुत मूल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय सहकारिता सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध रहेको जानकारी गराउँदछु ।

स्थानीय तहको निर्वाचन २०७९ बाट रामग्राम नगरको नगरसभा र कार्यपालिकामा नव निर्वाचित पदाधिकारीहरुको आवागमनले यस नगरको शासकीय

व्यवस्थामा परिवर्तन आएको छ र यस परिवर्तनसँगै सबै नगरवासीले परिवर्तनको अनुभूति गर्न सकुन् भन्नेमा हामीहरु सचेत रहन सकौँ र परिवर्तनको अनुभूती दिलाउन सकौँ भन्ने शुभकामना टक्रयाउदछु ।

नगरको भौगोलिक, सामाजिक आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मासाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्ने र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु गर्ने कुरामा हामी प्रतिवद्ध छौ । **"मालिक होइन, सेवक हौ ।"** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौँ ।

नेपालको संविधानद्धारा स्थानीय तहलाई प्राप्त अधिकार र कार्यसूचिलाई मध्यनजर गर्दै स्थानीय तहसँग नागरिक स्तरबाट गरीएका अपेक्षालाई सम्बोधन गर्न र समृद्ध नगरपालिकाको रुपमा स्थापित गर्न यो नगरसभा महत्वपूर्ण रहने विश्वास लिइएको छ ।

**आदरणीय अध्यक्ष महोदय**,

अब म गरीमामय नगरसभा समक्ष आ. व. २०७९।८० को बजेट तर्जुमाका आधारहरु, उद्देश्यहरु प्राथमिकताहरुका बारेमा छोटकरीमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**<u>नीति कार्यक्रम र बजेट तर्जुमाका आधारहरु</u>**

१ नेपालको संविधान,

२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

३ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,

४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

५ संघीय र प्रदेश सरकारले जारी गरेको नीति कानुन तथा मापदण्डहरु,

६ स्थानीय तहको योजना तर्जुमा दिग्दशर्न २०७८,

७ राजस्व परामर्श समितिको निर्णय/प्रतिवेदन,

८ श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस,

९ संङ्घीय सरकारको विभिन्न परीपत्र र निर्देशनहरु,

१० वडाहरुको जनसंख्या, भूगोल, क्षेत्रफल राजस्व क्षमता,

११ उपलब्ध हुन सक्ने साधन श्रोत,

१२ विकासका अन्तरसम्बन्धित विषयहरु,

१३ सङ्घीय प्रदेश र स्थानीय तहको आवधिक विकास योजना,

१४ पूर्वाधारको अवस्था र खर्च आवश्यकता

१५ राजनीतिक दलका प्रतिनिधीहरु एवं बुद्धिजीविवर्ग नीजि क्षेत्र, सञ्चारकर्मी आदिबाट प्राप्त सुझावहरु ।

**नीति कार्यक्रमको प्रमुख उद्देश्यहरु**

१ नगरको विभिन्न क्षेत्रमा हुन सक्ने सम्भावीत बाढिको जोखिम नियन्त्रणका लागि तटबन्ध निर्माण तथा खोला सरसफाई गरी नागरिकको जीवन रक्षा गर्ने । यस्तै गरी अन्य प्रकारका सम्भाव्य विपदहरुको जोखिम न्यूनिकरण गर्दै धनजनको क्षती हुन नदिने,

२ अत्यावश्यक भौतिक पूर्वाधार विकास गर्ने ।

३ शिक्षा र स्वास्थ्य प्रणालीमा परिणात्मक र गुणात्मक सुधार गर्ने ।

४ कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, व्यवसायमा सहजीकरण र उपयुक्त लगानी वातावरण सृजना गर्ने

५ सुशासन, समावेशी विकास, दिगो विकास, नगर सरसफाई र हरियाली प्रवर्द्धन गर्ने ।

६ नगरमा उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र नीजी क्षेत्रसँगको सहकार्य गर्ने

७ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै सेवामा आम नागरिकको पहुँचलाई सहज बनाउने,

८ विभिन्न विषयगत क्षेत्र तथा समावेशी वर्गका क्षेत्रमा सन्तुलित विकासमा जोड दिने । सबै खालका विभेदको अन्त्यका लागि आधार स्तम्भ तयार गर्ने,

९ आर्थिक, सामाजिक, सांस्कृतिक पूर्वाधार क्षेत्रको विकास मार्फत नगरवासीको जीवनस्तरमा सुधार गर्ने,

१० नगरपालिकाको आन्तरिक श्रोत र साधन तथा उपलब्ध हुने बाह्य श्रोतको अधिकतम प्रयोग गरी नगरबासीको हितमा अभिवृद्धि गर्ने ।

**नीति कार्यक्रम र बजेटका प्राथिमकताहरु**

१ बाढिजन्य तथा अन्य प्रकोपको जोखिम नियन्त्रण ।

२ अत्यावश्यक पूर्वाधारको विकास ।

३ शिक्षा स्वास्थ्य र खानेपानी जस्ता सामाजिक पूर्वाधारको विकास गर्दै शिक्षा र स्वास्थ्यमा गुणात्मक सुधार ।

४ कृषि, पशु र लघुउद्यममा जोड दिइ रोजगारीको वृद्धि।

५ सेवा प्रभावको गुणस्तरमा अभिवृद्धि गरी सुशासनको बढोत्तरी ।

६ महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयहरु,

७ स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग गर्ने विषयहरु ।

८ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने विषयहरु

९ नगरवासीको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने विषयहरु

१० लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयहरु,

११ दीगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न सघाउ पुग्ने विषयहरु,

१२ महिला, बालबालिका, जेष्ठ नागरिक, यूवा, तेश्रो लिङ्गी र फरक क्षमता भएका व्यक्तिसँग सम्बन्धित विषयहरु,

१३ सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयहरु ।

१४ संघीय सरकार, प्रदेश सरकारसँग सह-अस्तित्व, समन्वय र सहकार्यका विषयहरु

**आदरणीय सभा अध्यक्ष ज्यू,**

अब म आर्थीक वर्ष २०७९।८० को क्षेत्रगत र विषयगत रुपमा लिइएका नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु । रामग्राम नगरपालिको आ. व. २०७९।८० को नीति तथा कार्यक्रम यस प्रकार रहेको छ ।

## १ आर्थिक विकास:-

**क) कृषि तथा पशुसेवा तर्फको नीति तथा कार्यक्रम:**

१. आर्थिक विकासको सम्भावनाका रुपमा रहेको कृषि क्षेत्रको विकासमा विशेष ध्यान दिइनेछ । नगरका विभिन्न क्षेत्रमा सम्भाव्यताका आधारमा विभिन्न खाद्यान्न, तरकारी तथा पकेट क्षेत्र निर्धारण गरी उत्पादनमा वृद्धि गर्न आवश्यक सहुलियत र प्राविधिक सहायता उपलब्ध गराइनेछ । अर्गानिक खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

२. व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले हिउँदे तथा तरकारीको बीउ ५० % अनुदानमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । हिउँदे तथा वर्षे तरकारीका मिनिकिट नि:शुल्क उपलब्ध गराइनेछ । मागमा आधारित सिचाई कार्य, फलफुलका बिरुवा तथा ढैचाको बीउ वितरण, च्याउको बीउ ५० % अनुदानमा वितरण गरीनेछ ।

३. माटो जाँच कार्यक्रम, भकारो सुधार कार्यक्रम, गहुँ तथा धानको बीउ उत्पादन तालिम, तरकारी खेती तालिम, उत्कृष्ट कृषक पुरस्कार जस्ता कार्यक्रम मार्फत कृषकहरुलाई प्रोत्साहन गर्नुका साथै क्षमता विकास गरीनेछ ।

४. नगर भित्र रहेको बाँझो जग्गाको तथ्याङ्क सङ्कलन गरी यसको पूर्ण उपयोगको लागि एक कार्य विधि बनाई भूमी बैंकको अवधारणाको कार्यान्यवन गरीनेछ ।

५. स्थानीय हाट बवजारहरुको पूर्वाधार निर्माणमा जोड दिइनेछ र विभिन्न वडाहरुलाई पायक पर्ने गरी खाद्य उपज संकलन केन्द्र निर्माण गर्न सहकारी क्षेत्र र कृषक समूहसँग सहकार्य गरीनेछ ।

६. वैदेशिक रोजगारीबाट फर्केका यूवाहरुलाई व्यवसायिक कृषि तर्फ आकर्षित गर्ने उद्देश्यले "**रिटर्नीज यूवासँग मेयर कायर्क्रम**" सञ्चालन गरी त्यस्ता व्यवसायमा संलग्न यूवा कृषकहरुलाई सहुलियत तथा अनुदानको व्यवस्था मिलाइनेछ ।

७. "**स्वस्थ मासु, स्वस्थ जीवन**" कार्यक्रमलाई सफल बनाउन नगर भित्र रहेका माछा/मासु बिक्री वितरण गर्ने पसलहरुको व्यवस्थापनमा सुधारका लागि अनुदान

दिइनेछ । त्यस्तै गरी नगरभित्र सञ्चालित डेरीहरुको व्यवस्थापनमा सुधार गरिनेछ।

८. मासु तथा दुग्धजन्य उत्पादन व्यवसायको नियमित अनुगमन गरी व्यवस्थित गरिनेछ ।

९. पशुहरुलाई लाग्न सक्ने विभिन्न रोगबाट बचाउन आवश्यकता अनुसार नि:शुल्क खोप सेवा सञ्चालन गरिनेछ । नि:शुल्क औषधि वितरण गरिनेछ ।

१०. हिउँदे तथा वर्षे घाँसको बीउ समेत अनुदानमा वितरण गरिनेछ । मत्स्य व्यवस्थापन विकासका लागि माछा भुरा वितरण, माछा दाना वितरण, माछा पोखरीको विस्तार जस्ता कार्यक्रममा ५० % अनुदान दिइनेछ ।

११. वार्षिक कृषि तथा पशु मेलाको आयोजना गरीनेछ । यस्ता मेलाहरुमा कृषि पेशालाई सम्मानित पेशाका रुपमा विकास गर्न "**मेयर उत्कृष्ट कृषक सम्मान कार्यक्रम**" सञ्चालन गरीनेछ।

१२. बोरिङ्गद्वारा हुने सिँचाई प्रणालीलाई व्यवस्थित गरी थप विस्तार गरिनेछ ।

१३. कृषि हाटबजारको पूर्वाधार निर्माण कार्यक्रमलाई जोड दिदै हाटबजारको पूर्वाधार निर्माण र विस्तारको लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिनेछ ।

**ख) सहकारी :**

१४. उत्पादनमा आधारित सहकारी संस्थाहरुको प्रवर्द्धन गरीनेछ । नगर क्षेत्रमा क्रियासिल सहकारीमध्ये उत्कृष्ट सहकारी तथा महिला सहकारी संस्थाहरुलाई सम्मान र प्रोत्साहन गरीनेछ।

१५. नगरभित्रका कृषकहरुलाई सहज रुपमा मल वितरण गर्ने उद्देश्यले स्थानीय सहकारीहरुलाई मल भण्डारण, क्षमता अभिवृद्धि गर्नका लागि विशेष अनुदानको व्यवस्था गरीनेछ ।

१६. सहकारी संस्थाहरुको सुदृढिकरण विकास र प्रवर्धनको लागि नियमित अनुमगन नियमन र निरिक्षणको व्यवस्था मिलाइनेछ । नगर भित्रका सहकारीहरुसँग सम्बन्धित अभिलेख अद्याविधक गरिनेछ ।

१७. विभिन्न सहकारी संस्थाहरुबिच आपसी समन्वय र सहकार्य पद्धतिको विकास गर्न नगर स्तरीय सहकारी संजाल गठन गरीनेछ ।

१८. भूमिहीन दलित भूमहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासलाई भूमी समस्या समाधान आयोगसँग गरीएको सम्झौता बमोजिम लगत संकलन कार्य सम्पन्न गरी यी वर्गको भूमी सम्बन्धी समस्यालाई आगामी आ. व. मा समाधान गरीनेछ ।

## ग) उद्योग, वाणिज्य :

१९. संविधान तथा स्थानिय सरकार सञ्चालन ऐनले दिएको अधिकारको अधिनमा रही सबै प्रकारका उद्योगहरुको व्यवस्थापनका लागि एकिकृत नीति तर्जुमा गरी

उद्योगहरुलाई व्यवस्थित गरीनेछ । नगर भित्रका सम्पूर्ण उद्योग व्यवसायहरुको व्यवस्थित अभिलेखलाई प्रविधिमैत्री बनाइनेछ ।

२०. उद्योगी र श्रमिक बीचको सम्बन्धलाई सुमधुर बनाई औद्योगिक वातारण कायम गर्ने नीति लिइनेछ ।

२१. बजार अनुगमन कार्यलाई थप प्रभाकारी बनाई उपभोक्ता हितको प्रवर्द्धन गरीनेछ । व्यापारीक फर्म, पसलको दर्ता, अनुमति नविकरण तथा खारेजीको सहज व्यवस्था मिलाइनेछ ।

२२. परम्परागत तथा व्यवसायिक सीपमूलक घरेलु उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गरीनेछ ।

२३. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्द्धन गर्न सीपमूलक तालिमहरु सञ्चालन गरीनेछ ।

२४. नगर क्षेत्र भित्र रहेका उद्योगमा स्थानीय जनशक्तिलाई रोजगारीको अवस्था सुनिश्चित गरिनेछ ।

२५. उद्योगी व्यवसायीलाई व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) निर्वाह गरी नगरपालिकाको समग्र विकासमा प्रेरित गरीनेछ ।

२६. रामग्राम नगरपालिकाको उपयुक्त स्थानमा उद्योग ग्राम खोल्ने प्रकियाको सुरुवात गरीनेछ ।

२७. उपभोक्ताको अधिकार संरक्षणको लागि उपभोक्ता सचेतना अभिवृद्धि, स्थानिय वस्तु तथा सेवाको गुणस्तर परिक्षण, वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मुल्य, गुणस्तर मापन, नियमित रुपमा बजार अनुगमन कार्यमा वडा कार्यालयलाई समेत परिचालन गरी बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

२८. व्यवसायीक आचार संहिताको विपरित हुने गरी खाधय वस्तु किराना, कपडा, पुस्तक र हरियो तरकारी बेच्ने पसलबाट मदिरा, सुर्तिजन्य पदार्थ, विषादी, किटनासक औषधी जस्ता वस्तु तथा सामान एउटै पसलबाट बेचबिखन गर्न नपाउने व्यवस्थालाई कार्यविधी बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**घ) श्रम रोजगार तथा गरिबी निवारण:**

२९. गरीब घर परिवारको पहिचान गर्ने मापदण्डको आधारमा चालु वर्षमा पहिचान भएका नगरभित्रका सम्पूर्ण गरीब घर परिवारलाई आगामी वर्षमा गरिब घरपरिवारको परिचय पत्र वितरण गरिनेछ ।

३०. महिला उद्यमीहरुका लागि उद्यम व्यवसाय सञ्चालन गर्न सहजीकरण गरीनुका साथै उद्यमी महिलाहरुको क्षमता विकास तर्फ विशेष ध्यान दिइनेछ ।

३१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थलगत योजना छनौट गरी नगर भित्रका बेरोजगारहलाई रोजगारीको अवसर सृजना गरीनेछ । बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत १०० दिनको रोजगारीको सुनिश्चितता गरिनेछ ।

३२. वैदेशिक रोजगारीलाई निरुत्साहित गरीनेछ । वैदेशिक रोजगारमा जानै परेमा उपयुक्त सीप विकास सम्बन्धी तालिम लिई जान प्रोत्साहन गरीनेछ । सुरक्षित आप्रवासनका कार्यक्रम सञ्चालन गर्न गै. स. स. र विभिन्न संघ संस्थासँग सहकार्य गरीनेछ ।

३३. नगर क्षेत्रभित्रका दैनिक, ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घरपरीवारलाई रोजगारीका लागि स्थानीयस्तरमा सञ्चालन हुने निर्माणका योजनाहरुमा काम गर्ने अवसर प्रदान गर्न सम्बद्ध निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुसँग समन्वय गरीनेछ ।

३४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानको लागि कार्यविधि बनाई प्रकृया अघि बढाइनेछ ।

## २ सामाजिक विकास

**क) शिक्षाः**

३५. सामुदायिक विधालयको भौतिक पूर्वाधार सुधारका लागि आवश्यकतामा आधारित अनुदान दिई विधालयको मर्मत सम्भार कार्य गरिनेछ । साथै सबै विधालयमा एउटै रंगरोगनको प्रयोग गर्ने कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ ।

३६. सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात उपयुक्त बनाइनेछ । दरबन्दी न्यून भएका विद्यलयमा नगरपालिकाको अनुदान कोटा सृजना गरी पठन पाठनमा पुर्याइदै आइएको सहयोगलाई निरन्तरता दिइनेछ ।

३७. विद्यालय निरीक्षण र अनुगमन कार्यलाई नियमित र व्यवस्थित गरी शैक्षिक गुणस्तर अभिवृद्धिसँग आवद्ध गरीनेछ ।

३८. विद्यालयका शिक्षक, कर्मचारीहरु वि. व्य. स. का पदाधिकारी तथा शिक्षक अभिभावक संघका पदाधिकारीलाई विभिन्न तालिम दिइ क्षमता अभिवृद्धि गरीनेछ ।

३९. बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि विभिन्न बिधामा आधारित अतिरिक्त कृयाकलाप सञ्चालन गरीनेछ।

४०. सबै बालविकास केन्द्रमा न्युनतम मापदण्ड पुरा गर्नुपर्ने नीति लिइनेछ । बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको क्षमता अभिवृद्धि गरीनेछ । बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरु, विधालयका कर्मचारीहरुको मनोवललाई उच्च राख्ने नीति अनुरुप संघिय सरकारबाट तोकिए बमोजिमको पारीश्रामिकमा नपुग रकम नगरपालिकाको स्रोतबाट थप गरी उपलब्ध गराइनेछ ।

४१. विधार्थीहरुबाट कुनै पनि शुल्क नलिने नीति अनुरुप सामुदायिक विद्यालयहरुमा सञ्चालन हुने विभिन्न तहका त्रैमासिक परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने न्युनतम खर्चको अनुमान गरी विधालयहरुलाई आर्थिक अनुदानको रुपमा उपलब्ध गराइनेछ ।

४२. विधार्थीको कक्षामा उपस्थिती वढोत्तरी, विधालय प्रति अभिभावकको भुमिकामा बढोत्तरी र विधार्थीलाई आवश्यक पर्ने शैक्षिक तथा मसलन्द सामाग्रीको व्यवस्थापनमा सहयोग पुर्याउने उद्देश्यले बालविकास देखि कक्षा ५ सम्मका विधार्थीहरुलाई विधालयमा उपस्थित भएको दिन अनुसार प्रतिदिन रु.१० का दरले नगदै रुपमा "**मेयर छात्रवृत्ती कार्यक्रम**" बाट मासिक रुपमा छात्रवृत्ति रकम उपलब्ध गराइनेछ ।

४३. विद्यालय तहमा उत्कृष्ट नतिजा प्राप्त गर्ने गरीब तथा जेहेन्दार छात्रछात्राहरुलाई "**मेयर छात्रवृत्ती कार्यक्रम**" मार्फत प्रोत्साहन गरीनेछ । साथै गरीब तथा विपन्न तथा अपाङ्ग र दलित परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्नका लागि छात्रवृति प्रदान गरीनेछ । स्नात्तकोत्तर तहमा अध्ययन गरी सोधपत्रको तयारीमा रहेका रामग्राम नगरपालिका भित्रका छात्राहरुलाई सोधपत्र तयारी कार्यमा सहयोग पुर्याउनका लागि प्रति छात्रा रु.२५०००।- का दरले सोधपत्र तयारी छात्रवृत्ती उपलब्ध गराइनेछ ।

४४. चालु वर्षमा तयार गरिएको आधारभुत तहको **हाम्रो रामग्राम** नामक स्थानीय पाठ्यक्रम बमोजिम स्थानीय विषयको पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४५. सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन सुधार गरी यसको सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।

४६. संस्थागत विद्यालयहरुमा पनि सिकाइका न्यूनतम पूर्वाधार पूरा गर्न अनिवार्य गरीनेछ । संस्थागत विद्यालयलाई नमुना विद्यालयमा रुपान्तरण हुन प्रोत्साहन गरीनेछ ।

४७. नगरपालिका भित्र रहेको एक मात्र प्राविधिक धार सञ्चालन भएको जनता मा वि डैनहवाको प्राविधिक धार तर्फको शिक्षाको विस्तार र व्यवस्थापनमा आवश्यक सहजीकरण गरीनेछ । त्यस्तै गरी आदर्श मा. वि. मा रहेको दृष्टिविहिन तर्फको श्रोत कक्षाको व्यवस्थापनमा सुधार गरीनेछ ।

४८. संघीय सरकारको आर्थिक अनुदानमा सञ्चालन हुने विभिन्नका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

४९ . सामुदायिक विद्यालयका सबै छात्राहरुलाई आवश्यकताअनुसार निशुल्क सेनेटरी प्याडको व्यवस्थापन गरिनेछ । छात्राहरुलाई सेनेटरी प्याडको प्रयोग र विसर्जनमा सहयोग पुर्याउन कक्षा ६ देखि माथिका विधालयमा चेन्जिङ्ग रुम बनाइनुका साथै विसर्जनको उपयुक्त व्यवस्था मिलाइनेछ ।

५० .सम्पूर्ण शैक्षिक तथ्याकलाई एकिकृत गरी नगरको शैक्षिक प्रोफाइल र शैक्षिक योजना तयार गरीनेछ ।वार्षिक शैक्षिक क्यालेन्डरलाई कार्यान्वयनमा ल्याई शैक्षिक क्रियाकलापमा एकरुपता ल्याइनेछ ।

५१ .**हरित विद्यालय कार्यक्रम** को कार्यान्वयनका लागि प्रत्येक विद्यालयमा चालु वर्षमा बनाइएका फुलवारीको विस्तार र संरक्षण गरीने व्यवस्था मिलाइनेछ ।

५२ .शिक्षा क्षेत्रमा सुशासन, विधालयको सवलीकरण, भौतिक पूर्वाधारमा सुधार, समुदायको अपनत्व, सघन र नियमित अनुगमन, जस्ता समन्वयात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरु शिक्षा प्रणालीका स्थापित मान्यताका आधारमा संचालन गरिनेछ । विधालयमा सुशासन कायम गर्नको लागि विधालय व्यवस्थापन समिति गठन प्रक्रियालई सरलीकृत गर्दै विधालयहरुको वि.व्य.स. गठन प्रक्रिया टुंगाइनेछ ।

५३. स्थायी शिक्षकमा छनोट हुन मदत पुर्याउने तथा शिक्षक हुन चाहनेको क्षमता विकास गर्ने उद्देश्यले शिक्षक सेवामा प्रवेश गर्न चाहने बेरोजगार युवाहरुलाई शिक्षक सेवा आयोगको तयारी कक्षामा समावेश गराई उनीहरुको क्षमता विकास गराइनेछ ।

५४. सम्भव भए सम्म क्रमश १ वडा १ सामुदायिक विद्यालयको स्थापना गर्दै लगिने नीति अवलम्बन गरीनेछ । तत्कालका लागि सामुदायिक विद्यालय नभएका वडाहरुमा पूर्व प्राथमिक / बालबिकास कक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**ख) यूवा तथा खेलकुद:**

५५. रामग्रामको विकास सुशासन र सामाजिक सुरक्षामा यूवा जनशक्तिको भुमिकालाई सम्मान र विस्तार गर्दै यूवाहरुलाई उद्यमी बन्न प्रोत्साहन गरीनेछ र यूवा उद्यमशिलताको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरीनेछ।

५६. राष्ट्रपति रनिङ्ग शिल्ड, विद्यालयस्तरीय मेयर कप खेलकुद प्रतियोगिता, मेयर कप ब्याडमिन्टन प्रतियोगिता, मेयर कप फुटबल प्रतियोगिता उपमेयर भलिबल प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गरी रामग्रामको पहिचान युक्त खेलाडीको विकास गरीनेछ।

५७. टोल टोलमा यूवा क्लबहरुको गठन गर्न प्रोत्साहन गरीनेछ । वडास्तरीय यूवा क्लबलाई क्लबस्तरीय कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरीनेछ । विभिन्न खेल सामग्रीहरुको व्यवस्था र वितरण गरी खेलकुदलाई व्यवस्थीत गरीनेछ।

५८. यूवाहरुलाई लागु पर्दाथ दुर्व्यसनबाट जोगाउनका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुको साथै दुर्व्यसनमा फसेकालाई पुंनस्थापनका लागि आवश्यक पहल गरीनेछ ।

५९. विभिन्न् संघ संस्थाहरु समेतको सहकार्यमा बेरोजगार यूवाहरुलाई लक्षित गरी रोजगारमूलक बनाउन "**मेयर यूवा इलम कार्यक्रम**" मार्फत विभिन्न सिपमुलक तालिम सञ्चालन गरीनेछ ।

६०. सामुदायिक तथा निजी संघसंस्थाहरुको सहकार्यमा नगरस्तरीय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ । नगरस्तरीय खेलकुद विकास समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ । खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुर्याउने तथा उत्कृष्ट खेल, कौशल प्रदर्शन गर्ने युवाहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

६१. राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुर्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ ।

**ग) स्वास्थ्य :**

६२. स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य केन्द्रहरू तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप गुणस्तरीय बनाउन र औषधि उपकरणको अभाव हुन नदिन आवश्यक बजेट विनियोजन गरिनेछ ।

६३. स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी बनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरूको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ । साथै आधारभुत स्वास्थ्य सेवा केन्द्रका स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिहरुको जिम्मेवारीलाइ थप सुदृण तथा प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

६४. जोखिममा रहेका र वञ्चितीमा परेका जनताको स्वास्थ्य सम्बन्धी विशेष आवश्यकता पूरा गरी उनीहरूको स्वास्थ्य सेवा माथिको समतायुक्त पहुँच एवम् उपयोग सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. नगरपालिका स्तरीय स्वास्थ्य संकट, महामारी रोग नियन्त्रण तथा विपद् व्यवस्थापनका लागि नगरपालिका स्तरमा स्वास्थ्य संकट एवं पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको समुचित ब्यवस्थापनका लागि पालिका स्तरमा रहेको विपद् व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ ।

६६. नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित गरि थप गुणस्तरीय र प्रभावकारी बनाउन नगरपालिकाको स्वास्थ्य नीति र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यन्वयनमा लगिने छ ।

६७. उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मृगौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।

६८. नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य जनशक्तिको क्षमता अभिबृद्धी, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान, स्वास्थ्य उपकरण र स्वास्थ्य संस्थाहरूमा पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ।

६९. कोभिड १९ विरुद्धको खोप लगाउन छुट भएका नगरवासीलाहरुलाई खोप लगाउनेको लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरी खोपको सुनिश्चतता गरीने छ ।

७० . विद्यमान स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई नागरिकमैत्री र थप जवाफदेही बनाइनेछ । सबै आधारभुत स्वास्थ्य केन्द्रबाट आगामी वर्षमा स्वास्थ्य सेवा सञ्चालन गरीनेछ । ती केन्द्रमा रहेका करारका जनशक्तिलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा निरन्तरता दिइनेछ ।

७१ . प्रत्येक स्वास्थ्य संस्थामा आवश्यक पर्ने औषधि, उपकरण, खोप आदिको समयमै व्यवस्थापन गरी अभाव हुन दिइने छैन ।

७२ . सुत्केरी व्यथा लागेका गर्भवती महिलाहरुलाई सुत्केरी हुन अस्पतालसम्म जान र घर फर्कन निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

७३ . गर्भवती/सुत्केरी महिलाहरुको स्वास्थ्य सवलीकरणका लागि गर्भवति/सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन गरीनेछ । यस कार्यक्रममा सुत्केरी महिलाहरुलाई "**उपमेयर पोषण झोला वितरण**" गरीनेछ ।

७४ . पैसठ्ठी वर्ष माथिका जेष्ठ नागरिकलाई पुर्याइदै आएको घरदैलो उपचार सेवा अन्तर्गत "**जेष्ठ नागरिकसँग मेयर कार्यक्रम**" लाई थप प्रभावकारी बनाइ निरन्तरता दिइनेछ ।

७५ . बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । कुपोषण भएका बालबालिकाको पहिचान गरीनेछ र उचित उपचार तथा पोषणको प्रबन्ध मिलाइनेछ।

७६ . चालु वर्षमा लिइएको "**छोरी बचाउ, छोरी पढाउ**" कार्यक्रमलाई आगामी आ. ब. मा प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

**घ) महिला बालबालिका तथा जेष्ठ नागरिक:**

७७. महिलाहरुलाई आत्मनिर्भर गराउन उनीहरुको परीवेश अनुकुल महिला उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत क्षमता विकासका साथै सीप र प्रविधिको हस्तान्तरण गरी रोजगार उन्मुख गराउने नीति लिइनेछ ।

७८. फरक क्षमता भएका नागरिकलाई विकासको मुलधारमा समाहित गर्न लक्षित वर्ग अनुकुल विभिन्न कार्यक्रम सञ्चालन गरीनेछ ।

७९. आश्रय आवश्यक पर्ने हिंसा पिडित महिलाहरुलाई अल्पकालिन सेवा केन्द्रमा राखेर मनोपरामर्श सेवा प्रदान गरीनेछ ।

८०. "**हाम्रो बालबालिका हाम्रो भविष्य**" भन्ने मूल्य मान्यतालाई आत्मासाथ गर्दै बालमैत्री स्थानीय शासन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ । बालमैत्री नगर घोषणा पछीको दिगो रणनीतिको कार्यान्वयन गरीनेछ ।

८१. संरक्षण विहिन बालबालिकालाई पारीवारिक पुनर्मिलन गराइनेछ ।

८२. बालबालिकाहरु र जनप्रतिनिधि बिच अन्तरक्रियात्मक कार्य गरी बाल प्रोत्साहनका लागि "**बालबालिकाहरुसँग मेयर कार्यक्रम**" सञ्चालन गरीनेछ ।

८३. कोभिड १९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुलाई लक्षित गरी विशेष राहत कार्यक्रम सञ्चालन गरीनेछ ।

८४. जेष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन नगरस्तरमा **जेष्ठ नागरिक सत्सङ्ग केन्द्र** सञ्चालनमा ल्याइनुका साथै वडाहरुमा **जेष्ठ नागरिक मिलन केन्द्र** सञ्चालनका लागि विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरीनेछ ।

८५. समाजका अग्रज, सम्मानित जेष्ठ नागरिकहरुको भुमिका र योगदानलाई उच्च महत्व दिइनेछ । जेष्ठ नागरिकहरुलाई सम्मान गरीनेछ । मौषम र उमेर अनुकुलका राहत सामग्रीसहित जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।

८६. नगरबाट प्रदान गरिने सेवाहरुमा असहाय, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी र अशक्तहरुलाई सेवामा अग्राधिकार दिइनेछ ।

**ङ) सांस्कृतिक प्रवर्द्धन :**

८७. नगरक्षेत्र भित्र रहेका रामग्राम स्तुप, पण्डितपुर जस्ता ऐतिहासिक महत्वका स्थानहरुलाई जीवन्त राख्नका लागि त्यस्ता स्थानहरुको संरक्षण र सम्बर्द्धन गरीनेछ।

८८. नगरपालिका क्षेत्रभित्र रहेका दाइजो, तिलक, बालविवाह, छुवाछुत जस्ता सामाजिक कुरीती, कुप्रथा अन्त्य गर्न सचेतनामुलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

८९. स्थानीय कला सांस्कृतिको प्रवर्धन गर्नको लागि स्थानीय मेला महोत्सव चाडपर्वहरुलाई परिस्कृत रुपमा मनाउन प्रोत्साहन गर्दै आवश्यक सहयोग समेत गरीनेछ ।

९०. नगर भित्रका उत्कृष्ट कलाकारहरुलाई पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने, नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्री पूर्ण प्रतिस्पर्धा गराई कला, साहित्य र सृजनाको संरक्षण र सम्वर्धन गरीनेछ ।

**च) सङ्घ संस्था गैर सरकारी संस्था :**

९१. नगरपालिका भित्र कृयाशील गैर सरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन गर्नुको साथै आवश्यक सहजिकरण समेत गरीनेछ ।

९२. नगरको परिचयलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पुर्याउन विभिन्न किसिमका सम्बन्ध कायम गर्दै सहकार्यलाई विस्तार गरीनेछ ।

**छ) पर्यटन:**

९३. नगर भित्र रहेका महत्पूर्ण पार्कहरुको सुधार तथा नयाँ पार्कहरुको निर्माण गर्दै ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पौराणिक महत्व रहेका स्थलहरुको संरक्षण र विकास गरिनेछ ।

९४. पर्यटकीय स्थलका रुपमा पहिचान भएको रामग्राम स्तुपको सौन्दर्यकरण गरिनुका साथै, **पण्डितपुरमा शान्ति कोलिय पार्क निर्माण** गर्ने कार्यको प्रारम्भ गरीनेछ ।

९५. नगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगीनी सम्बन्ध कायम गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यसरी भातृ तथा भगिनी सम्बन्ध कायम गर्दा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ ।

**पञ्जीकरण/सामाजिक सुरक्षा:**

९६. जेष्ठ नागरीक, एकल महिला तथा अपाङ्गता भएका व्यक्ति लगायत विशेष संरक्षण आवश्यक भएका नागरिकको संरक्षण गर्ने नीति अवलम्बन गरीनेछ । यसका लागि सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

९७. सामाजिक सुरक्षा वापत जेष्ठ नागरिक, एकल महिला, दलित बालबालिका आदिले पाउने प्रोत्साहन रकमलाई बैंक मार्फत उपलब्ध गराउने व्यवस्थाको कार्यान्वयनलाई सरलीकरण गरिनेछ ।

९८. सबै प्रकारका घटना दर्तालाई सूचकले अनलाइनबाट दर्ता गरी प्राप्त टोकनको आधारमा सहज तरीकाले सेवा लिन सक्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

## ३ पूर्वाधार विकास

**क) सडक सिचाइ पूल:**

९९. **हाम्रो रामग्राम, सुरक्षीत रामग्राम** लाई साकार पार्न तुरिया, रावणखण्डा, झरही र भलुही खोलामा तटबन्ध सहितको करीडोर निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिनेछ ।

१००. पूर्वाधार विकाससँग सम्वन्धित सडक, यातायात, कृषि, सिचाइ तथा खेल, खानेपानी नाला निर्माण, पर्यटन, शिक्षा, स्वाथ्य र पार्किङ्ग स्थल लगायतका सम्भावित क्षेत्रहरुको पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

१०१. बजार क्षेत्रको सरसफाई तथा सौन्दर्यकरणमा जोड दिइनेछ भने छरिएको बस्ती रहेका तथा ग्रामिण प्रकृतिका वडाहरुमा न्यूनतम शहरी सेवा विस्तार गर्दै लगिनेछ ।

१०२. नगर क्षेत्रभित्र चक्रपथ निर्माणको लागि अति आवश्यकीय पूर्वाधार तयारीको थालनी गरीनेछ ।

१०३. नगर क्षेत्र भित्रका सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ । यस्ता जग्गाहरुको त्यस ठाउँको महत्व झल्किने पार्क, चिल्डेन पार्क, खेल मैदान, सभागृह लगायतका सार्वजनिक महत्वका संरचना निर्माण गर्ने योजना तथा कार्यकमलाई निरन्तरता दिइनेछ ।

**ख) भवन तथा सहरी विकास:**

१०४. आवासीय, व्यापारिक सङ्घ संस्था लगायत सबै प्रकारका भवनहरुको मापदण्ड पूर्णरुपमा पालना गर्ने व्यवस्था गरिनेछ ।

१०५. भवन निर्माण कार्यमा सलग्न हुने सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालिम दिइ दक्ष बनाइनेछ ।

१०६. नक्शा पास प्रक्रियालाई EBPS (Electronic Building Permit System) (विद्युतीय घर नक्शा अनुमती प्रणाली)मा आबद्ध गरिनेछ । साथै भौगोलिक सूचनालाई GIS र House Numbering System लाई प्रविधि मैत्री बनाउने कार्यको शुरुवात गरिनेछ ।

१०७. रामग्राम नगर क्षेत्र भित्रका सार्वजनिक जग्गाको पहिचान तथा लागत तयार गरी संरक्षण गर्न वडा समिति र समुदायलाई थप जिम्मेवार र सक्रिय बनाइनेछ।

१०८. नक्सा पास बिना घर बनाउने कार्यलाई निरुत्साहित गर्न नगरपालिकाबाट प्राप्त हुने सेवा रोक्का गर्ने नीति लिइनेछ । साथै साविक समयदेखि नै निर्माण भएका पुराना घरहरुलाई नक्शापासको प्रकृयामा ल्याउन एक कार्यविधि बनाई कार्यान्वयन गरीनेछ।

**ग) खानेपानी तथा सरसफाई:**

१०९. नगरका सबै वडामा पिउनेपानी उपलब्ध गराउन खानेपानीसँग सम्बन्धित निकाय, समितिहरुसँग समन्वय र सहकार्य गरीनेछ ।

११०. नगरवासीलाई स्वच्छ खानेपानी उवलब्ध गराउन नगर भित्रका सम्पन्न भइ सञ्चालनमा रहेका खानेपानी योजनाको क्षमता वृद्धि तथा गुणस्तर सुधार गर्ने, निर्माणधिन योजनाहरु सम्पन्न गरी सञ्चालनमा ल्याउने र अन्य सम्भाव्य योजनाहरुको पहिचानको कार्य अगाडि बढाइनेछ ।

१११. खानेपानी तथा सरसफाई सम्बन्धी वास योजनालाई पूर्णता दिई प्रदेश सरकारसँगको सहकार्यमा कार्यान्वयनमा ल्याइनेछ ।

११२. नगरक्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि कुहिने नकुहिने फोहोर छुट्टाउने सरोकारवाला तथा अन्य निकायहरुसँग सहकार्य गरी उचित व्यवस्थापन गरीनेछ।

११३. नगरको सरसफाई तथा फोहोरमैला सङ्कलन तथा घरमै व्यवस्थापन गर्न सकिने फोहोर घरमै व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

११४. नगरक्षेत्र भएर बग्ने नदिहरु र यिनका किनारामा सरसफाई तथा वृक्षारोपण गर्ने अभियानको प्रारम्भ गरीनेछ ।

११५. सार्वजनकि शौचालय निर्माण कार्यलाई निरन्तरता दिदै प्रत्येक वडामा कम्तीमा १।१ वटा सार्वजनिक शौचालय निर्माण गरी प्रयोगमा ल्याउन विभिन्न संघ संस्था र वडासँग समन्वय र सहकार्य गरीनेछ ।

११६. बजार क्षेत्र भीत्र निर्माण भएका सडक क्षेत्रमा सौन्दर्यकरणको कार्य सुरुवात गरिनेछ।

११७. गैह सरकारी संस्था, टो. वि. स., यूवा कल्ब, बाल क्लब, आमा समूह लगायतका संघ संस्थाहरुलाई नगरको सुन्दरता अभिवृद्धि कार्यक्रममा सहभागी हुनु पर्ने व्यवस्था मिलाइनेछ ।

**घ) सडक बत्ती तथा उर्जा:**

११८. **उज्यालो रामग्राम अभियान** अन्तर्गत सार्वजनिक चोक, मठ, मन्दिर, विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालयहरुमा बिजुली बत्ती जडान गर्न प्राथमिकता दिइनेछ । यसका साथै विजुली आपुर्ती बन्द भएको समयमा समेत सोलारबाट विद्युत आपुर्ती गरी नगरपालिकाका मुख्य मुख्य चोकहरुमा सडक बत्ती बाल्ने कार्यलाई विस्तार गरीनेछ ।

११९. नगर पालिकाको कार्यालय र नगरका विभिन्न क्षेत्रमा विद्युत खपतको माग र आपुर्तीलाई ध्यानमा राखी विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युत विस्तारका साथै विद्युत ट्रान्सफर्मरको व्यवस्थापन गरीनेछ ।

## ४ वन, वातावरण तथा विपद व्यवस्थापन:

१२०. विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद सचेतना, सिप तथा क्षमता विकास र नमुना अभ्यास कार्यलाई सहभागिता मुलक बनाइनेछ । संघीय सरकार, प्रदेश सरकार, अन्तरस्थानीय तह, सरकारी तथा गैरसरकारी संघसंस्था विच समन्वय कायम गर्दै, उद्धार एवं राहतको कार्यलाई व्यवस्थित बनाउँदै लगिनेछ । विपद व्यवस्थापन सामाग्री खरिद, यसको उचित भण्डारण र समयानुकुल परिचालन गराउँदै नगरस्तरीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना तयार गरिनेछ ।

१२१. विपद व्यवस्थापन सम्बन्धी पूर्व तयारी उद्धार, राहत, पुनस्थापना र पुनर्निर्माण जस्ता कार्यलाई उच्च प्राथिमकतामा दिइनेछ । स्थानीय आपतकालीन केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१२२. विपद जोखिमका क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरुमा जोखिम न्यूनिकरण, सचेतना कार्यक्रमहरु संचालन गर्दै एक वडा एक शिघ्र उद्दार टोली (Quick Response Team) तयार गरीनेछ । एक वडा एक विपद सुरक्षित स्थल किटान गरी आवश्यक पूर्वाधारहरु विकास गर्दै लगिनेछ ।

१२३. नगरको सुन्दरता अभिवृद्धि र वातावरण मैत्रि नगर निर्माण गर्न **सुन्दर र सफा रामग्राम** भन्ने अभियानलाई कार्यान्वयनमा ल्याई विभिन्न स्थानमा पार्क निर्माण वृक्षारोपण, फोहरमैला व्यवस्थापन, प्लास्टिक झोलाको प्रयोगमा न्यूनिकरण तथा जनचेतना मुलक कार्य संचालन गरिनेछ । साथै सडक किनाराहरुमा हरियाली कायम गर्न वृक्षारोपण गर्ने कार्यलाई जोड दिइनेछ ।

१२४. वारुणयन्त्र लगायत विपद उद्धारमा प्रयोग हुने यन्त्र उपकरण र सामग्रीहरु चालु अवस्थामा राखी यीनको प्रयोग र सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ ।

१२५. वर्षातको समयमा हुने जल उत्पन्न प्रकोपलाई न्यनिकरण गर्न नदिका दुवै किनाराहरु तथा जोखिमयुक्त स्थान पंहिचान गरी नियन्त्रणका कार्यहरु गरीनेछ।

१२६. सडक किनारा विद्यालय परीसर नदी किनारा लगायतका सम्भाव्य स्थानहरुमा वृक्षारोपण गरी हरीयाली वातावरण बनाइने कार्यलाई जोड दिइनेछ । यि कार्यका लागि टोल विकास संस्थालाई समेत सक्रिय गराइनेछ।

१२७. सडक अतिक्रमण गरी सामाग्री सडक पेटीमा राख्ने, सडकको आवागवनमा बाधा पुग्ने गरी ठेलागाडा संचालन गर्ने सडक किनाराका नाला माथि निर्माण सामाग्री तथा अन्य सामाग्री राखी नाला जाम गराउने जस्ता कार्यलाई विस्थापित गरिनुका साथै अटेर गर्नेलाई कार्यविधी अनुसार दण्डित समेत गरिनेछ ।

## ५ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फः

### क) सेवा प्रवाह र सुशासनः

१२८. नगरपालिकाको नागरिक वडापत्र अध्यावद्यिक गरी डिजिटल बोर्ड मार्फत सूचना प्रवाह गरीनेछ । साथै मूख्य मूख्य सार्वजनिक स्थानहरुमा डिजिटल सूचना पार्टीका माध्यमबाट नगरका सूचनाहरु नगरबासी समक्ष सूचित गरिनेछ।

१२९. सेवाग्राहीको सहयोग र कार्यालयबाट प्रवाह गरिने सेवालाई व्यवस्थित बनाउन जनप्रतिनिधिको निगरानीमा Help Desk को प्रभावकारी कार्यान्वयन गरीनेछ ।

१३०. E-Governance को अवधारणालाई क्रमश कार्यान्वयनमा ल्याउन सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै कागजको प्रयोग घटाउदै लगिनेछ ।

१३१. सार्वजनिक सुनुवाईको आयोजना गर्ने, जनगुनासो यथाशीघ्र सम्बोधन गर्ने, गुनासोको अभिलेख राख्ने, सुझाव पेटीकाको व्यवस्थापन गर्ने, सामाजिक लेखा परीक्षण गराउने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।

१३२. नगरपालिकाबाट कार्यान्वयन हुने ठुला योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरीद प्रकियालाई बढि प्रतिस्पर्धात्मक बनाउन विगत देखि प्रयोगमा ल्याइएको विद्युतिय बोल कबोल E-bidding प्रणालीलाई निरन्तरता दिइनेछ ।

१३३. प्रत्येक कर्मचारीलाई सुचक सहितको कार्य विवरण उपलब्ध गराई नतिजामा आधारित कार्य सम्पादन प्रणालीको विकास गरी सतप्रतिशत नतिजा हासिल गर्ने लक्ष्य लिइनेछ । कार्य सम्पादन मुल्यांकनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ । कर्मचारीलाई वृति विकासको समुचित अवसर प्रदान गरिनेछ।

१३४. सेवा प्रवाह र कार्यालयको काम कारवाही बारे नगरवासीलाई नियमित रुपमा प्रविधिका माध्यमबाट सुसुचित गरिनेछ । साथै नगरका गतिविधीहरु नगरबासी समक्ष पुर्याउन, स्थानीय राजपत्र र नगरबुलेटिन प्रकाशन गरी सार्वजनिकिकरण समेत गरिनेछ ।

१३५.आगामी वर्षको कार्यसम्पादनमा सहजता र स्पष्टताका लागि प्रत्येक योजना तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना बनाई प्रयोगमा ल्याइनेछ ।

### ख) मानव संसाधन विकासः

१३६. जनप्रतिनिधी तथा कर्मचारीहरुको पदीय आचरण र मर्यादा कायम गर्नको लागि जनप्रतिनिधी तथा कर्मचारी आचारसंहिता बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१३७. सबल सक्षम र प्रविधिमैत्री दक्ष जनशक्तीको विकासका लागि क्षमता विकासका कार्यहरुलाई कार्यान्वयनमा ल्याइनेछ । कर्मचारीहरुलाई सूचना प्रविधि तथा E-Governance सम्बन्धी तालिमको व्यवस्था गरी कार्य प्रति उत्प्रेरित र थप जवाफदेही बनाइनेछ ।

**ग) सञ्चार तथा सूचना प्रविधि र अभिलेख व्यवस्थापन:**

१३८. नगरपालिकाका सार्वजनिक जग्गा, सार्वजनिक सम्पत्ति घर, नक्शा पास व्यक्तिगत घटना दर्ता निर्णयहरु लगायत सबै किसिमका अभिलेखहरुको डिजिटाइजेशन गरी व्यस्थित गरीनेछ ।

१३९. नगरवासीलाई सूचना प्रविधि मैत्री बनाउन क्रमश नगरपालिका कार्यालय परीसर वडा कार्यालयहरु र महत्वपुर्ण स्थानहरुमा Wi-fi Free Zone को लागि Intranet को प्रवन्ध मिलाइनेछ ।

१४०. नगरको सेवा प्रवाहमा सुधार ल्याउन Mobile Apps को प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ ।

१४१. सूचना तथा सञ्चार क्षेत्रको संरक्षण प्रवर्द्धन र विकास गर्न सञ्चार माध्यमहरुसँग समन्वय र सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गरीनेछ ।

१४२. नगरपालिकाको हरेक काम कारवाही वेवसाइट, इमेल, नेटवर्किङ जस्ता विधुतिय संचार माध्यमको प्रयोग गरी कागज रहीत (paperles) बनाउँदै लगिने मिति अवलम्बन गरिनेछ ।

**घ) न्याय सम्पादन:**

१४३. सामाजिक न्याय र स्थानिय ऐन कानूनमा आधारित भई न्यायिक समितिमा प्राप्त उजुरीलाई यथासक्य छिटो किनारा लगाइनेछ ।

१४४. न्यायिक समितिमा परेका उजुरीलाई सकेसम्म मेलमिलापको माध्यमबाट निरुपण गर्ने नीतिलाई थप सुदृढ बनाइनेछ ।

१४५. न्यायिक समिति तथा मेलमिलाकर्ताहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरीनेछ ।

१४६. सबै वडा कार्यालयहरुमा मेलमिलाप समिति गठन गर्दै क्रमशः मेलमिलाप केन्द्र स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**ङ) सुरक्षा व्यवस्था:**

१४७. नगर प्रहरीको क्षमता वृद्धिका लागि समय सान्दर्भिक तालिमहरुको व्यवस्था गरीनेछ।

१४८. नेपाल प्रहरीसँगको समन्वय तथा सहकार्यमा नगरको अत्याश्यक स्थानहरु तथा मुख्य चोकहरुमा सिसिटिभि राखी "**जनता सुरक्षा कार्यक्रम**" को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४९. सडक सुरक्षाका लागि ट्राफिक प्रहरीसँगको सहकार्यमा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरीनेछ ।

१५०. नगरपालिकाको बढी घनत्व हुने सडकहरुमा ट्राफिक प्रहरीको समन्वयमा नगर प्रहरी समेत परिचालन गरी ट्राफिक व्यवस्थापन गरिनेछ ।

**च) राजश्व परिचालन:**

१५१. करदातालाई कर तिर्न प्रोत्साहन गर्न निश्चित समयसम्म आवश्यक छुट तथा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरीनेछ ।

१५२. राजस्व सङ्कलन सम्बन्धी कार्यमा निजिक्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदै लगिनेछ।

१५३. नगरको स्वामित्व वा भौगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गरेका र गर्नुपर्ने भवन, जग्गा, जमिन, हाटबजार, पोखरी तथा अन्य भौतिक सम्पत्तीको अभिलेख अद्यावधिक गरी राजस्व आम्दानी गर्ने माध्यमको रुपमा परीचालन गरीनेछ । यस्ता श्रोतको परीचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिको अवलम्बन गरीनेछ ।

१५४. कृषिजन्य व्यवसायमा कर सहुलियत प्रदान गरीनेछ । भूमिकरमा दिइदै आएको ८० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ ।

१५५. संचित कोषमा संकलित राजस्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पूर्ण मितव्ययिता अपनाई नगरवासीको उच्चतम हितमा प्रयोग गरीनेछ ।

१५६. **मैले तिर्ने कर मेरै नगर विकासका लागि** भन्ने नारालाई आम करदातालाई महसुस हुने गरी सेवा प्रवाह गरिनेछ । करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन कर शिक्षा अभियान संचालन गरिनेछ ।

**छ) आर्थिक प्रशासन÷ लेखा परिक्षण:**

१५७. नेपाल सरकारबाट स्वीकृत लेखांकन प्रणाली सुत्र (SUTRA) को प्रभावकारी कार्यान्वयन गरी बजेट तर्जुमा, खर्चको लेखांकन र एकिकृत प्रतिवेदन तयार गर्ने जस्ता कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।

१५८. सेवाग्राहीको सहजकताका लागि भुक्तानी प्रणालीमा टोकन पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ । साथै क्रमश विद्युतिय कोष ट्रान्सफर पद्धति मार्फत भुक्तानी गरीने व्यवस्था मिलाइनेछ ।

१५९. विगत आर्थिक वर्षको बेरुजुहरु नियमित गर्नुपर्नेलाई नियमित गर्ने र असुल उपर गर्नुपर्ने खालका बेरुजुहरु सम्बन्धीत व्यक्ति तथा संघसंस्थाहरुसँग नियमानुसार असुल उपर गरी गराई बेरुजु फछर्यौटलाई प्राथमिकता दिइ शुन्य बेरुजु कायम गर्ने नीति लिइनेछ ।

१६०.खर्चको आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयनमा ल्याई सार्वजनिक स्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्बन गरिनेछ । खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

१६१.आर्थिक कार्य प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

**ज) सामाजिक परिचालन तथा टोल विकास:**

१६२. सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन टोल विकास संस्थालाई थप क्रियासिल बनाइनेछ ।

१६३. सामुदायिक विकासका कार्यक्रम गर्दा टोल विकास तथा सामुदायिक संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरीनेछ ।

१६४. सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रीत पूर्वाधार विकास, संस्थागत विकास, आयमुलक एवं सीपमुलक कार्यक्रम तथा लक्षित वर्गको क्षमता विकास कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

**६ समन्वयात्मक विकासमा सहजीकरण**

१६५= रामग्रामको विकासमा सहजीकरण गर्ने र श्रोतको सुनिश्चितता गर्ने उद्देश्यले रामग्राम विकास कोष स्थापना गरीनेछ । आवश्यक कार्यविधि सहित रामग्राम विकास समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

**<u>आदरणीय सभा अध्यक्ष ज्यू</u>**

बाल्यकालमा शिक्षा, स्थास्थ्य र पोषण, युवा अवस्थामा सिप उद्ममशीलता र रोजगारी, प्रौढ अवस्थाका जेष्ठ नागरिकलाई सम्मान र संरक्षण, महिलालाई समतामुलक अवसर सिर्जनाको लागि कार्यक्रम <u>केन्द्रित</u> गरिनेछ । यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशिला खडा हुनेछ । आर्थिक पारदर्शीता र सुशासन कायम हुनेछ भनी विश्वास लिएकी छु ।

**आदरणीय सभा अध्यक्ष ज्यू**

अब म नीति तथा कार्यक्रम बमोजीम आगामी आ. व. को आय व्ययको विवरण समावेश भएको संक्षिप्त बजेट पेश गर्दछु ।

# रामग्राम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय परासी नवलपरासी

### आ.व. ०७९/०८० को समष्टिगत आय विवरण

| क्रसं. | श्रोत | रकम | अक्षेरुपी |
|---|---|---|---|
| | **आय तर्फ** | | |
| **१** | **संघीय सरकार** | | |
| | समानीकरण अनुदान | १८४६०००००।०० | अठार करोड छयालीस लाख |
| | समपूरक अनुदान पूजीगत | १५००००००।०० | एक करोड पचास लाख |
| | शसर्त अनूदान चालू | २४४८०००००।०० | चौबिस करोड अट्चालिस लाख |
| | शसर्त अनूदान पूजीगत | ११६५०००००।०० | एघार करोड पैस्ठ्ठी लाख |
| | **जम्मा** | **५६०९०००००।००** | **छपन्न करोड नौं लाख** |
| **२** | **प्रदेश सरकार** | | |
| | समानीकरण अनुदान | १०४३६०००।०० | एक करोड चार लाख छत्तीस हजार |
| | समपुरक अनुदान | २००००००।०० | दुई करोड |
| | शसर्त अनूदान चालू | ११००००००।०० | एक करोड दस लाख |
| | विशेष अनूदान | ७००००००।०० | सत्तरी लाख |
| | **जम्मा** | **४८४३६०००।००** | **चार करोड चौरासी लाख छत्तिस हजार** |
| **३** | **आन्तरिक तर्फ** | | |
| | आन्तरिक श्रोत | ८३८६१०००।०० | आठ करोड अटत्तिस लाख एकसठ्ठी हजार |
| | संघीय सरकार राजश्व वांडफांड | १२३१३४०००।०० | बाह्र करोड एकतिस लाख चौतिस हजार |
| | प्रदेश सरकार राजश्व वांडफांड सवारी साधन | १०००००००।०० | एक करोड |
| | प्रदेश सरकार राजश्व वांडफांड रजिष्ट्रेशन वापत | ५४००००००।०० | पाच करोड चालिस लाख |
| | **जम्मा** | **२७०९९५०००।००** | **सत्ताइस करोड नौ लाख पन्चानब्बे हजार** |
| **४** | **अन्य आय** | | |
| | अल्या | **३१३४४२४४३।००** | **एकत्तिस करोड चौत्तिस बयालिस हजार चार सय त्रिचालिस** |
| | **कुल जम्मा** | **११९३७७३४४३।००** | **एक अरब उन्नाइस करोड सैतिस लाख तिहत्तर हजार चार सय त्रिचालिस** |

# आ.व. ०७९/०८० को समष्टिगत व्यय विवरण

| क्र सं. | श्रोत | रकम | अक्षेरुपी |
|---|---|---|---|
| | **व्यय तर्फ** | | |
| १ | प्रशासनिक खर्च | १६००००००००।०० | सोह्र करोड |
| २ | प्रशासन तथा व्यवस्थापन महाशाखा | | *संस्थागत विकास, सुशासन र सेवा प्रवाह* |
| | प्रशासन, योजना तथा अनुगमन शाखा | ३००००००।०० | तीस लाख |
| | सूचना, प्रविधि तथा अभिलेख शाखा | ४००००००।०० | चालिस लाख |
| | कानून शाखा | २५०००००।०० | पच्चिस लाख |
| | **जम्मा** | **९५०००००।००** | **पन्चानब्बे लाख** |
| ३ | पूर्वाधार बिकास महाशाखा | | *पूर्वाधार विकास क्षेत्र* |
| | सडक,सिचाइ तथा अन्य पूर्वाधार विकास शाखा | १००००००।०० | दस लाख |
| | आवास, भवन तथा नक्शापास शाखा | १००००००।०० | दस लाख |
| | **जम्मा** | **२००००००।००** | **बिस लाख** |
| ४ | सामाजिक बिकास महाशाखा | | *सामाजिक क्षेत्र* |
| | स्वास्थ्य सेवा शाखा | ९५०००००।०० | पन्चानब्बे लाख |
| | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण विकास उपशाखा | ३५०००००।०० | पैतिस लाख |
| | शिक्षा, यूवा तथा खेलकूद विकास शाखा | २०००००००।०० | दुई करोड |
| | युवा, खेलकुद, संस्कृति, पर्यटन विकास तथा राष्ट्रिय । अन्तराष्ट्रिय समन्वय उपशाखा | ७००००००।०० | सत्तरी लाख |
| | **जम्मा** | **४०००००००।००** | **चार करोड** |
| ५ | आर्थिक विकास महाशाखा | | *आर्थिक क्षेत्र* |
| | आर्थिक बिकास शाखा | १५०००००।०० | प्रन्ध लाख |
| | पशुपक्षी विकास शाखा | ६००००००।०० | साठ्ठी लाख |
| | कृषि विकास शाखा | १०००००००।०० | एक करोड |
| | **जम्मा** | **१७५०००००।००** | **एक करोड पचहत्तर लाख** |
| ६ | आर्थिक प्रशासन तथा राजश्व महाशाखा | | |
| | राजश्व प्रशासन उपशाखा | **२००००००।००** | **बिस लाख** |
| ७ | स्थानीय बालमैत्री शासन कार्यक्रम | २००००००।०० | बिस लाख |
| ८ | खानेपानी तथा सरसफाई व्यवस्थापन | २०००००००।०० | दुई करोड |
| ९ | सडक बोर्ड नेपालको लागत सहभागीता | ३५०००००।०० | पैतिस लाख |
| १० | वातावरण तथा विपद व्यवस्थापन | १०००००००।०० | एक करोड |
| ११ | मर्मत सम्भार कोष | ३००००००।०० | तीस लाख |
| १२ | प्रकोप व्यवस्थापन कोष | ७५०००००।०० | पचहत्तर लाख |
| १३ | कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष | २००००००।०० | बिस लाख |
| १४ | वातावरण कोष | १००००००।०० | दस लाख |
| १५ | महिला वालवालिका कोष | ५०००००।०० | पांच लाख |
| १६ | गरिबी न्यूननिकरण कोष | ५०००००।०० | पांच लाख |

| | | | |
|---|---|---|---|
| **१७** | औषधी उपचार कोष | ५०००००।०० | पांच लाख |
| **१८** | शसर्त अनूदान चालू | २४४८०००००।०० | चौबिस करोड अट्चालिस लाख |
| **१९** | शसर्त अनूदान पूजिगत | ११६५०००००।०० | एघार करोड पैस्ठ्ठी लाख |
| **२०** | वडा स्तरीय योजनाहरु | ८३५०००००।०० | आठ करोड पैतिस लाख |
| **२१** | नगर स्तरीय योजनाहरु | ६६०३१०००।०० | छ करोड साठी लाख एकतिस हजार |
| **२२** | संघीय समपूरक अनूदान पूजिगत | ३००००००००।०० | तिन करोड |
| **२३** | प्रदेश समपूरक अनूदान | ४००००००००।०० | चार करोड |
| २४ | शसर्त अनूदान चालू | ११००००००।०० | एक करोड दस लाख |
| २५ | विशेष अनूदान | ७००००००।०० | सतरी लाख |
| २६ | नगर स्तरीय अल्या योजनाहरु | ११००००००००।०० | एघार करोड |
| २७ | वडा स्तरीय अल्या योजनाहरु | २२६९८०४३।०० | दुई करोड छब्बीस लाख अन्ठानब्बे हजार त्रिचालीस |
| | **कुल जम्मा** | **११९३७७३४४३।००** | **एक अरब उन्नाइस करोड सैतिस लाअ तिहत्तर हजार चार सय त्रिचालिस** |

नेपालको संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको आधारभूत मूल्य मान्यता, र सुशासन कायम गर्न सम्बृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै " **नगर वासीको रहर स्वच्छ, सफा र विकसित नगर**" भन्ने दीर्घकालीन सोच हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको कुरा म सभा सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

मिति २०७९३--९ को कार्यपालिका बैठकमा पेश भए अनुसार रु १ अर्ब १९ करोड ३७ लाख ७३ हजार ४ सय ४३ रकम बराबरको कार्यक्रम पेश गरेको छु। रामग्राम नगरलाई "स्वच्छ, सफा र विकसित नगर" का रुपमा अगाडी बढाई सबै माझ परिचित गराउने गरि सबै क्षेत्रमा वजेट विनियोजनको व्यवस्था मिलाएको छु। नगर सभाको दशौँ अधिवेशनबाट आर्थिक वर्ष २०७९/८० का लागि पारित हुने नीति तथा कार्यक्रमले समृद्ध नगर निर्माण गर्ने महत्वपूर्ण योगदान गर्ने विश्वास लिएकी छु ।

आगामी आर्थिक वर्षमा वडा समितिवाट प्राथमिकतामा राखि सिफारिस भै आउने एवं नगरस्तरिय अन्य सबै कार्यक्रमहरु विषेश प्राथमिकताका साथ संचालनमा ल्याइने छ । यी सबै कार्यक्रमहरुका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु। आगामी आर्थिक बर्षलाई अभियानका रुपमा सवै योजना तथा कार्यक्रमहरु समयमानै सम्पन्न गर्ने व्यवस्था मिलाएकी छु।

अध्यक्ष महोदय,

चालु आर्थिक वर्षमा विश्वमहामारी कोभिड १९-तथा स्थानीय तह निर्वाचनका कारणबाट सृजित समस्याले समयमानै सम्पन्न गर्न नसकिएका अधुरा योजनाहरुलाई प्राथमिकतामा राखी

कार्यान्वयनमा ल्याउने र यस आ. व. मा ठेक्का लागेका, सम्झौता भएका तथा कार्यक्रमहरुको भुक्तानीको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

आय व्ययको माथि उल्लेखीत अनुमान बमोजीम विस्तृत योजना कार्यक्रम र योजनागत बजेटको विवरण विस्तृत रुपमा अनुसूचीमा समावेश गरीएको छ । उक्त अनुसूचीको विवरण यहाँहरुको हात हातमा पुर्याइ सकिएको व्यहोरा अनुरोध गर्दछु।

**आदरणीय सभा अध्यक्षज्यू,**
यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा संलग्न रहि स्पष्ट मार्गदर्शन गर्नुहुने रामग्राम नगरपालिका नगरप्रमुखज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी यो नीती तथा कार्यक्रम तयार गर्ने कार्यमा सुझाव दिई सहयोग पुर्याउनु हुने सबै वडाका वडा अध्यक्षज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, स्थानीय राजनैतिक दलका प्रमुख तथा प्रतिनीधीज्यूहरु, विभिन्न संघ संस्थाका प्रतिनीधीज्यूहरु, संचारकर्मीहरु लगायत सम्पूर्ण नगरबासीमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । यो नीति कार्यक्रम र बजेटको तयारीमा संलग्न रही महत्वपूर्ण योगदान पुर्याउनु हुने प्रमुख प्रशासकीय अधिकृत ज्यू नगर शिक्षा अधिकारी लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सम्बद्घ सबै पक्षहरुबाट सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा लिदै यस स्थानीय सरकारले अघि सारेको उल्लेखीत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पु¥याउन नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, सम्पूर्ण नगरबासीहरु, सञ्चार जगत, नागरिक समाज एवं बुद्धिजीवि वर्ग रामग्राम नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, सम्पूर्ण कर्मचारीहरु तथा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सरोकार राख्ने सबै वर्ग र महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
धन्यवाद । नमस्कार ..

**संझना चौधरी**
**नगर उपप्रमुख**